# बर्जु गाउँपालिका

# आ.व. २०७५।०७६ को सातौं कार्यपालिका बैठक

मिति : २०७५।१०।११

**प्रस्तावहरु :**

**१. बर्जु गा.पा. को कार्यालय भवन निमार्ण सम्बन्धमा ।**

**२. करार सेवामा कार्यरत कर्मचारीको तलब भत्ता को लागि अपुग रकम सम्बन्धमा ।**

**३. शाखा कार्यालयहरु स्थापना गर्ने सम्बन्धमा ।**

**४. बर्जु गा.पा. स्तरीय शिक्षा सम्बन्धी कार्यविधिको मस्यौदा माथि छलफल गर्ने सम्बन्धमा ।**

**५. बर्जु गा.पा. सहकारी ऐन २०६५ को मस्यौदा मााथि छलफल गर्ने ।**

**६. विविध ।**

आज मिति २०७५ साल माघ ११ गते शुक्रबारका दिन यस वर्जु गाउँपालिकाको अध्यक्ष श्री रघुन्नदन चौधरी ज्यूको अध्यक्षतामा बैठक बसी प्रस्तुत प्रस्तावहरुमा छलफल भई निम्न निर्णयमा पुगीयो ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ मा छलफल गर्दा बर्जु गा.पा. को कार्यालय भवन निर्माण सम्बन्धमा व्यापक छलफल गर्दा पुर्व निर्णय भए बमोजिम भवन निमार्णको कार्य लाई निरन्तरता दिने र सम्बन्धीत ठेकेदारको म्याद ३ महिनाको लागि थप्ने सर्व सहमती बाट निर्णय गरियो ।

**निर्णय न.२**

आर्थिक वर्ष २०७५।७६ को वजेटमा करारमा काम गर्ने कर्मचारीहरु र अघिल्लो गाउँपालिका वैठक वाट नियुक्ती हुने सामाजिक परिचालकहरुलाइ अपुग हुने पारिश्रमिक चालु तर्फको रकम वचत हुने खर्च शीर्षकहरु तलव, भत्ता वाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस गा.पा अन्तरगत रहेका शाखा कार्यालय, उपशाखा एवं सेवा केन्द्रहरु गा.पा. अर्न्तगत वडा नं. १ र २ तथा वडा नं. ३ र ४ लाई पायक पर्ने गरी भवन निर्माण गर्न को लागि छलफल गरी कम्तीमा ५ कट्ठा जग्गा उपलब्ध गराउनको लागि यस गा.पा को उपाध्यक्ष श्री संगीता कुमारी राय को संयोजकतवमा छ वटै वडा अध्यक्ष हरु सदस्य रहने गरी २०७६ साल बैशाख मसान्त भित्र प्रतीवेदन यस गा.पा.को कार्यालयमा पेस गर्ने साथै यसको लागि आवश्यक मापदण्ड सवयम ले निर्धारण गरी आवस्यक जग्गा खोजी गर्ने सर्व सहमती बाट निर्णय गरीयो ।

तथा ५ र ६ को जन्ता लाई पायक पर्ने गरी माथी उल्लेखित केही शाखा र सेवा केन्द्रको लागि पनि जग्गा खोजी गरी गा.पा.मा सिफारीस गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ मा छलफल गर्दा बर्जु गा.पा. स्तरीय शिक्षा सम्बन्धी कार्यविधि विधायन समितिमा पठाउने तथा विधायन समितिले ७ दिन भित्र प्रतीवेदन तयार गरी यस गा.पा. को कार्यालयमा बुझउनु पर्ने निर्णय गरीयो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ मा छलफल गर्दा बर्जु गा.पा. सहकारी ऐन २०७५ को मस्यौदा विधायन समितिमा पठाउने तथा विधायन समितिले ७ दिन भित्र प्रतीवेदन तयार गरी यस गा.पा. को कार्यालयमा बुझउनु पर्ने निर्णय गरीयो ।